म.नि. प्र. का. द.नं. : ७६ / ०६८, वर्ष ११, अंक १८१ सोमबार, २४ माघ २०७८ षष्ठी ने. सं. ११४२ चिल्लाथ्व 7 February, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३ / -

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मन्त्री मोक्तानद्वारा अनुगमन

हेटौंडा/बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले चितवन जिल्लाको विभिन्न स्थानमा निर्माणाधिन विकास निर्माण र विद्यालयहरुको अनुगमन गरेकी छन् । उनले आइतबार चितवनको भरतपुर महानगरपालिका र माढी नगरपालिकामा एक दर्जन बढी विद्यालय, शिक्षालय, कभर्ड हल र विकास, निर्माणको अनुगमन गरेकी हुन् ।

मन्त्रालय अन्तरगत निर्माणाधिन तथा संचालित विद्यालय र बहुप्राविधिक शिक्षालयहरुको भवन, प्रयोगशालाहरु, निर्माणाधिन कभर्ड हल, एक विद्यालय एक उद्यम कार्यक्रम अन्तरगत विद्यालयहरुमा संचालित हाँसपालन, धान खेतीलगायतको टोलीले अनुगमन गरेको थियो ।

मन्त्री मोक्तानसहितको टोलीले भरतपुर महानगरपालिका १० स्थित नारायणी नमुना माध्यमिक विद्यालय, नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर २२ स्थित निर्माणाधिन कभर्ड हल, भरतपुर २३ स्थित भरतपुर बहुप्राविधिक शिक्षालयको अनुगमन गरेको थियो ।

जग्गामात्र ओगट्ने उद्योगलाई व्यवस्थापन कार्यालयको पत्र

## जग्गा खाली गर्न अल्टिमेटम

साझाकुरा संवाददाता

हेटौंडा/सम्झौता अनुरुप उद्योग सञ्चालन नगरी जग्गा कब्जा गर्दै आएका दुई कम्पनीलाई जग्गा खाली गर्न हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले ताकेता गरेको छ ।

सम्झौता गरेको दुई वर्षभित्र उद्योग सञ्चालन गरि सक्नुपर्ने नियमलाई लत्याउँदै जग्गा ओगटेर बसेका पहुँचवालाहरुको कम्पनीलाई कार्यालयले ३५ दिने अल्टिमेटम दिएको हो ।

कार्यालयले आइतबार एक सूचना जारी गर्दै साउथ एसियन बुअरी इण्डस्ट्रिज प्रालि र क्वालिटी हयाचरी एण्ड फिड इण्डस्ट्रिजलाई ३५ दिनभित्र उद्योग सञ्चालन गर्ने आधारसहित सम्पर्कमा आउन भनेको छ । साउथ एसियन बुअरीले १ सय ५ दशमलव ३६ रोपनी जग्गा पाँच वर्षदेखि र क्वालिटी हयाचरीले १४ वर्षदेखि ३४ रोपनी जग्गा कानुनविपरित ओगटेर बसेका हुन् ।

यसअघि *साझाकुराले* उद्योग सञ्चालन नगरी जग्गा कब्जा गरेर बसेका कम्पनीहरुको समाचार प्रकाशित गरेको थियो । पहुँचवालाहरुलाई कारवाही गर्न नसकेको कार्यालयले समाचार प्रकाशित भएपछि भने जग्गा खाली गर्न एक महिनाको समय दिएको हो ।

जमिन बहाल सम्झौता गरी भाडा नतिर्ने क्वालिटी हयाचरीलाई कार्यालयले बक्यौता रकम तत्काल बुझाउन सूचित गरेको छ । क्वालिटी हयाचरीले वार्षिक ८ हजार ३ सय ३१ रुपैयाँ भाडा सम्झौता अनुसार करिब ४० लाख रुपैयाँ रकम बुझाउन

बाँकी रहेको कार्यालयका सूचना अधिकारी दिपक आचार्यले जानकारी दिए ।

क्वालिटी हयाचरीले ९ माघ २०६४ सालमा कुखुराको चल्ला र पशुपंछीको दाना उत्पादन गर्ने प्रयोजनका लागि जग्गा सम्झौता गरेको थियो । क्वालिटी हयाचरी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका पूर्वमहाप्रबन्धक नन्दकिशोर बस्नेतको हो । बस्नेतले आफू लिमिटेडको महाप्रबन्धक हुनु अगावै जग्गा सम्झौता गरेका थिए । महाप्रबन्धक भएको बखत आफ्नो गल्ती ढाकछोप गर्न उनले कम्पनीको नाम परिवर्तन गर्नेदेखि शेयर धनी नै फेर्नेसम्मको चक्रबेल गरेको पाइएको छ ।

बस्नेतले जग्गा सम्झौता गरेपनि हाल उनका व्यवसायिक साझेदार नेकपा एमाले अध्यक्ष केपीशर्मा ओली निकटका व्यवसायी क्याप्टेन रामेश्वर थापा सञ्चालक रहेको कम्पनीको नाममा जग्गा छ । बस्नेतले केही वर्षअघि क्वालिटी हयाचरीको नाम परिवर्तन गरी क्वालिटी लाइभष्टक एण्ड एग्रो प्रालि बनाएको खुलेको छ । कार्यालयको २०७८-७-९ को अभिलेख अनुसार क्वालिटी हयाचरीलाई थापा सञ्चालक रहेको सनउड डेभलोपर्स एण्ड होटल प्रालिमा शेयर धनी परिवर्तन गरिएको छ । कार्यालयले भने जग्गा सम्झौता गर्ने क्वालिटी हयाचरीको नाममा ३५ दिने सूचना जारी गरेको हो ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल प्रचण्डका भाञ्जा नाता पर्ने चितवनका गोकुल भण्डारी सञ्चालक रहेको साउथ एसियन बुअरी इण्डस्ट्रिजलाई पनि कारवाही प्रकिया अगाडि बढाइएको छ । भण्डारीले १९ माघ २०७३ मा बियर (मदिरा) उत्पादन गर्ने प्रयोजनका लागि जग्गा सम्झौता गरेका थिए । साउथ एसियन बुअरीले जग्गा भाडा बापतको रकम भने कार्यालयलाई तिर्दै आएको छ । कम्पनीले कार्यालयलाई हालसम्म उद्योग इजाजत पत्र नवीकरण भएको प्रमाणपत्र पनि पेश नगरेको पाइएको छ । कार्यालयले ३५ दिनभित्र उद्योग इजाजत पत्रसहित उद्योग सञ्चालनको ठोस कार्ययोजना पेश गर्न अन्तिम पटक मौका दिएको सूचनामा उल्लेख गरेको छ ।

हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख राजेन्द्र प्रसाद कँडेलले दुई कम्पनीलाई अन्तिम पटक मौका दिएको बताए । उनले ३५ दिनभित्र बक्यौता रकम तिर्नुपर्नेले चुक्ता गर्नुपर्ने र उद्योग सञ्चालनको ठोस कर्ययोजना पेश नगरे सम्झौता खारेज हुने जानकारी दिए ।

'कानुनविपरित जग्गा ओगटेर बसेको कम्पनीलाई अन्तिम पटक मौका दिएका छौं । उनीहरुले तोकिएको समयभित्र आवश्यक कागजपत्र र उद्योग सञ्चालन गर्ने आधार पेश नगरे कानुनबमोजिम जग्गा सम्झौता खारेज हुन्छ ।,' कँडेलले भने । उनले बन्द भएका अन्य उद्योगहरुलाई पनि सञ्चालनको लागि ताकेता गरेको बताएका छन् ।

नियमानुसार जग्गा सम्झौता गरेको एक वर्षभित्र औद्योगिक संरचना बनाइसकेर दुई वर्षभित्र उद्योग सञ्चालन गरिसक्नु पर्ने व्यवस्था छ । दुई वर्षमा उद्योग सञ्चालन नगरे जग्गा फिर्ता गर्नुपर्ने कानुनलाई लत्याउँदै पहुँचको आडमा यी दुई कम्पनीले जग्गा ओगटेर बसेका थिए । पहुँचवालाहरुले जग्गा कब्जा गरे कानुन मिच्दापनि हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले यतिका वर्षसम्म कारवाही प्रकिया अगाडि बढाउन सकेको थिएन् ।

## रहेनन् चिया पारखीका साथी 'जेठा दाई'

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-१०, सीमाचोक नजिकै एउटा सार्थुरो गल्ली छ । अखण्डमार्गको यो गल्लीमा एउटा चिसापसल छ ।

सार्थुरो कुनामा चिया पसल 'जेठा दाई' अर्थात बुद्धिबहादुर श्रेष्ठले चलाएका थिए । उनलाई सबैले जेठा दाई भनेर चिन्छन् । उनको वास्तविक नाम कमैलाई थाहा छ ।

चिया बेचेरै बनाएको नाम हो जेठा दाई । विहान सबेरै उठेर चिया पाउन सरसामानको जोर जाम गर्नु र हेटौंडा बजारभित्र अर्डर आएको ठाउँमै चिया पुर्याउनु उनको दैनिकी हो । अर्डर भन्दा बढी उनको गल्लीमा घेरै चिया पिउने हुन्छन् । लस्करै लागेर चिया पारखीहरुको भिड जम्मा हुन्थ्यो अखण्डमार्गमा ।

श्रेष्ठले ३६ वर्षदेखि त्यही गल्लीमा चिया बेचे । उनको चिया पारखी बागमतीका पहिलो मुख्यमन्त्री डोरमणि पौडेल, पूर्वसांसद प्रल्हाद लामिछानेदेखि प्रदेश सांसद प्रेमबहादुर पुलामीसम्म छन् ।

नेताहरु बिहान र साँझ यही चिया पसलमा भेटिन्थे । पौडेल मुख्यमन्त्री हुनुअघिसम्म बिहान सबैरै यहाँ चियान खान आउने गरेको चर्चा अहिले पनि बजारमा छ ।

विपन्न परिवारमा जन्मिएका जेठा दाईको चिया बेचेरै जीवन बदलियो । विहान खाए बेलुकाको छाक कसरी टारौं भन्ने कमजोर आर्थिक अवस्थाबाट गुज्रिएका जेठा दाई चिया बेचेरै करोड पति बनेका थिए । चिया बेचेर करोडौं सम्पतिको मालिक बनेका उनै जेठा दाईको आइतबार दुर्घटनामा परी मृत्यु भएको छ । हेटौंडा उपमहा-नगरपालिका-१९ न्वेारपानीमा भारतीय ग्यास बुलेटले स्कुटरलाई ठक्कर दिंदा उनको उपचारको क्रममा मृत्यु भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत नेवारपानीमा मनहरीबाट हेटौंडातर्फ आउँदै गरेका करिब ६० वर्षीय जेठा दाईको बागमती प्रदेश ०३-००२ प ६८८० नम्बरको स्कुटरलाई सोही दिशाबाट आउँदै गरेको एनएल-०१ एन २९९९ नम्बर को भरतीय नम्बरको ग्यास बुलेटले ठक्कर दिएको प्रहरीले जनाएको छ ।

जेठा दाईको दुर्घटनामा मृत्यु भएको खबर फैलियो । उनले वर्षौंदेखि चिया खुवाएका सांसददेखि नेताहरुले सामाजिक सञ्जालमा उनलाई श्रद्धाञ्जली व्यक्त गरिरहेका छन् । पूर्वसांसद लामिछानेले लेखेका छन्, 'हार्दिक श्रद्धाञ्जली जेठा दाई, सम्झिरहने छौं ।,'

जेठा दाई परिवारका माइला छोरा हुन् । तर सबैले उनलाई जेठादाई भन्ने गर्थे । सिन्धुपाल्चोकबाट जीवन गुजाराको उपाय खोज्दै हेटौंडा आएका थिए उनी । आफूले नपढेकाले दुःख पाएको भन्दै छोराछोरीले पढाउन ठेलामा चिया बेच्न थालेको उनले बताउने गरेका थिए ।

हेटौंडाकै राज्ची रोडमा ठेलामा २२ वर्ष चिया बेचेपछि सिमाचोक नजिकैको एउटा कुनामा उनले चिया पसल सुरु गरेका हुन् । एक रुपैयाँ कपमा चिया बेच्न थालेका उनले पाँच वर्ष अघिसम्म चियाको भाउ १५ रुपैया पुगिसक्दा पनि कपको १० रुपैयामै बेच्थे ।

चिनी, चियापत्ती र चिया मसलालगैं ३६ वर्ष बिताएका जेठा दाईले हेटौंडामा करोड मूल्य पर्ने घर घडेरी जोड्न सफल भएका थिए । उनले टिसिएनमै घर किनेका थिए । उनको दुईभाई छोरा एक छोरी छन् ।

## मकवानपुरमा आइतबार थपिए १३ कोरोना संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा/आइतबार मकवानपुरमा थप १३ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांक अनुसार ३९ जनाको पिसिआर विधिबाट परीक्षण गर्दा १० जना र २३ जनाको एन्टिजेन विधिबाट परीक्षण गर्दा ३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो ।

हाल होम आइसोलेसनमा बसेका १ सय २५ जना र संस्थागत आइसोलेसनमा बसेका ८ जना रहेका छन् । यसैगरी मकवानपुरमा अहिले सक्रिय संक्रमितको संख्या १ सय ३३ जना रहेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

यसैगरी, आइतबार देशभर एकै दिन ८ हजार ७०४ जना कोरोना संक्रमण मुक्त भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आइतबारको कोभिड १९ प्रेस ब्रिफिङमा प्रवक्ता डा. संगीता मिश्राले देशभर गरी २४ घण्टामा ८ हजार ७०४ निको भएको जानकारी दिएकी हुन् ।

उनका अनुसार २४ घण्टामा गरिएको ९ हजार २२१ परीक्षणमा १ हजार ३८६ जनामा संक्रमण पुष्टि भएको छ ।

पीसीआर विधिबाट गरिएको ६ हजार ४४३ परीक्षणमा १ हजार १८३ र २ हजार ८०८ एन्टिजेन परीक्षणमा २०३ जनामा

पोजिटिभ देखिएको हो ।

२४ घण्टामा ११ जनाको मृत्यु भएको डा मिश्राले जानकारी दिइन् । सोही अवधिमा ७९ हजार ९५९ जनाले खोप लगाएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरु:
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३००

घडेरी बिक्रीमा
जिल्ला : मकवानपुर
हेटौंडा उपमहा नगरपालिका
पडा नं. १



सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२, ९८५५०७३६६९ हेटौंडा-५

साझाकुरा

**हाम्रो कुरा**

# भ्रष्टाचार नियन्त्रणले तीब्रता पाओस्

संविधानसभामार्फत् जनताका प्रतिनिधिले बनाएको संघीय नेपालको संविधान कार्यान्वयनको क्रमले तिब्रता पाइरहेको छ । यसक्रममा सबैभन्दा महत्वपूर्ण मानिएको तीनै तहको निर्वाचन सम्पन्न भएर झण्डै दुई तिहाइ बहुमतको स्थायी सरकार गठन भएको चार वर्ष बितिसकेको छ । विकास, निर्माण र समृद्धिका शत्रुका रुपमा रहेको भ्रष्टाचार र घुसखोरीका घटना दिनहुँजस्तो सार्वजनिक भइरहँदा आम नेपालीलाई यसले झस्काइरहेको पाइन्छ । सरकारले भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न उल्लेख्य काम गर्ला भन्ने आशामा बसेका नेपालीलाई भ्रष्टाचारका समाचारले बारम्बार झस्काउने मात्र नभई निराशा बढाउँदै लगेको पाइन्छ ।

स्थानीय तहको चुनावदेखि प्रदेश र संघीय संसदको चुनावसम्म आउँदा सम्पूर्ण राजनीतिक पार्टीका घोषणापत्र र भाषणको विषय नै विकास र समृद्धिमा केन्द्रित थिए । घोषणापत्रमा दलहरुबीच विकास, निर्माण र समृद्धि प्राप्त गर्न देखिएको प्रतिस्पर्धा अहिले घोषणापत्रमै सिमित हुने हो कि भन्ने आशंका पैदा भएको छ । स्थिर सरकार गठन भएको चार महिना नाघिसक्दा पनि सरकारले आर्थिक समृद्धि हासिल हुने उल्लेख काम तथा निर्णयहरु गर्न नसक्दा आम नेपालीमा निराशा सुरु भएको छ । घुससहित कर्मचारी पक्राउ परेको समाचारमा अभ्यस्त बनिसकेका नेपालीलाई विकास र समृद्धि ल्याउँछौं भनेर बाचा गरेका जनप्रतिनिधिसमेत भ्रष्टाचारको आरोपमा पक्राउ पर्न थालेपछि झनै निराश बनाएको छ । स्थानीय तहको चुनावदेखि प्रदेश र संघीय संसदको चुनावसम्म आउँदा सम्पूर्ण राजनीतिक पार्टीका घोषणापत्र र भाषणको विषय नै विकास र समृद्धिमा केन्द्रित थिए । घोषणापत्रमा दलहरुबीच विकास, निर्माण र समृद्धि प्राप्त गर्न देखिएको प्रतिस्पर्धा अहिले घोषणापत्रमै सिमित हुने हो कि भन्ने आशंका पैदा भएको छ । स्थिर सरकार गठन भएको चार महिना नाघिसक्दा पनि सरकारले आर्थिक समृद्धि हासिल हुने उल्लेख काम तथा निर्णयहरु गर्न नसक्दा आम नेपालीमा निराशा सुरु भएको छ । मुलुकमा व्याप्त भ्रष्टाचार, आपराधिक घटना, तस्करी आदिमा संलग्न तल्लास्तरका केही व्यक्ति पक्राउ परेका भए पनि ठूला व्यक्तिहरु पक्राउ नपर्नु र पक्राउ परिहाले पनि उन्मुक्ति पाउनुले जतिसुकै स्थिर र बलियो सरकार भए पनि केही नहुने रहेछ भनेजस्तो भइरहेको छ ।

देशको प्रशासन संयन्त्रमात्र नभई सबै पक्ष भ्रष्टाचार र घुसखोरीमा चुर्लुम्म डुबेको अवस्थामा विकास, निर्माण र समृद्धि कसरी सम्भव होला भन्ने अहम् सबाल खडा भएको छ । भ्रष्टाचारमा शून्य सहनशीलतासहितका जतिसुकै चर्का भाषण गरे पनि व्यवहारमा भ्रष्टाचार कम हुन नसक्दा भ्रष्टाचारको उन्मूलन केवल सपनामात्र बनिरहेको छ । भ्रष्टाचार उन्मूलन गर्नु पर्दछ भन्नेहरुमध्येकाले नै घुस खाएको र घुस खुवाएको अवस्थामा कसरी भ्रष्टाचार नियन्त्रण होला ? कमिशन खानु साधारण कुराजस्तो भएको मुलुकमा विकास, निर्माण र समृद्धिको कुरा केवल गफमात्र हुने निश्चित छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| बडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५४०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५९५०१ |
| चिल्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५४०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७१, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७५९८४१०४८०० |
| मनहरी रेडक्रस: | ९८४१०८८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२४१ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बडबाराही रेडक्रस: | ९८४४३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२७८०१, ९८५४१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बाल्ठग यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ माघ २५ गते मंगलबार ८ फेब्रुअरी २०२२ । माघ शुक्ल सप्तमी । सिल्लाथ्व अष्टमी १।४१ । सूर्योदय ६:४६ र सूर्यास्त ५:४९ मा हुनेछ । अचला सप्तमी/सुरक्षित इन्टरनेट दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अध्ययनमा बाधा | तुला | : आफन्तजन भेट |
| वृष | : धन प्राप्ति | वृश्चिक | : भित्रजन भेट |
| मिथुन | : शत्रुबाट मुक्त | धनु | : प्रेममा सफलता |
| कर्कट | : धन नष्ट | मकर | : शुभ कार्यको थालनी |
| सिंह | : मिष्ठान्न भोजन | कुम्भ | : सुख प्राप्ति |
| कन्या | : आलश्यता | मीन | : यात्राको योग |

# पार्टी सँगसँगै कर्मचारीतन्त्रमा बहु-नेतृत्व कति जायज ?



उमेशप्रसाद मैनाली

हिजोआज मन्त्रालयहरूमा एकभन्दा बढी सचिवको व्यवस्थालाई लिएर निकै चर्चा हुन थालेको देखिन्छ । सार्वजनिक सेवाहरूलाई पनि दिग्दर्शन गर्ने, समन्वय र नेतृत्व दिने सेवा हो निजामती सेवा । यस्तो महत्व राख्ने सेवाको सर्वोच्च पद सचिवमा नेपाल सरकारले कस्तो व्यक्तिलाई नियुक्त गर्छ र उसले आफ्नो क्षमताको प्रदर्शन कसरी गर्छ भन्नेमा देशको शासन, सुशासन धेरै हदसम्म निर्भर हुन्छ । एकपटक बेलायतका पूर्वप्रधानमन्त्री च्याम्बर्लिनले स्थायी सचिवहरूको बैठकमा भनेका थिए, 'तपाईंहरू हामीबेगर पनि काम गर्न सक्नुहुन्छ, तर मलाई पूर्ण जानकारी छ कि तपाईंहरूबिना हामी काम गर्न सक्दैनौं ।'

अनुभवी राजनीतिज्ञहरूले त्यसैले आफ्नै सफलताका लागि पनि प्रशासनिक नेतृत्वमा योग्य, सक्षम र सिर्जनशील व्यक्तिलाई राख्ने र निर्धारित नीतिभित्र क्षमता प्रदर्शन गर्ने वातावरण दिने गर्छन् । मन्त्रालय दुईछाले नेतृत्वबाट सञ्चालित हुँ गर्छ, राजनीतिक निर्देशनस्थ (पलिटिकल डिरेक्टोरेट) जसमा मन्त्री, सल्लाहकार समूह र राजनीतिक रूपमा नियुक्त विज्ञ आदि रहन्छन् ।

अर्कोप्रशासनिकनिर्देशनस्थ (प्रशेक्टिक डिरेक्टोरेट) जसमा सचिव वा अन्य नाममा प्रशासनिक नेतृत्व दिने पदाधिकारी र ऊ मातहतका कर्मचारीहरू कार्यरत हुन्छन् । मन्त्रीको नीतिगत मार्गदर्शन र नियन्त्रण, निर्देशनमा मन्त्रालयको प्रशासनिक नेतृत्व सचिवले गर्ने गर्छ । सचिवले मन्त्रीको नीति सल्लाहकार, सार्वजनिक सेवाको उच्च व्यवस्थापन समूहको सदस्य र निर्माण प्रमुखको विम्मेवारी जस्ता भूमिका निर्वाह गर्नुपर्छ ।

यी फरक-फरक जिम्मेवारी पूरा गर्दा कहिले स्वतन्त्र रूपमा र कहिले मन्त्रीको निर्देशनमा काम गर्ने गर्छ । त्यसैले भनिन्छ, शासन राम्रो हुन मन्त्रीको खुला र ताजा दिमाग तथा प्रशासकहरूको ज्ञान र अनुभवको योग हुनुपर्छ । धेरै संस्थाहरू अपूर्ण नै हुन्छन् । तर नेतृत्व सही भयो भने अपूर्णताबाट माथि उठाउन सक्छन् । राजनीतिक र प्रशासनिक नेतृत्वको सहकारिताबा यो सम्भव हुन्छ । नेपाल सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अमूक सहसचिवहरूलाई सचिवमा बढ्ता गर्ने र कुनै सचिवलाई व्यवस्थापन गर्ने नाममा सचिवको दरबन्दी बढाउँदै झण्डै एक दर्जन सचिवको पद पुर्याएपछि यो विषय बढी नै आलोचित भयो । त्यसो त, मन्त्रालयहरूमा एकभन्दा बढी सचिवको व्यवस्था गरेर सचिव खेलाउने रुगनीति पुरानै हो ।

राजनीतिक नेतृत्वले तीन तरिकाले सचिव आफू अनुकूल बनाउने प्रयास गर्ने गरेका छन् । पहिलो त, आफू अनुकूल सचिव सरुवा गर्ने र उसलाई कुनै पनि समय हटाउने 'डेमोक्लस शोर्ड' देखाइरहने । दोश्रो, एकभन्दा बढी सचिवको दरबन्दी बनाएर मन्त्रालयको प्रशासनिक नेतृत्व कमजोर बनाइराख्ने, जसबाट सार्वजनिक कार्यालयलाई आफ्नो इच्छा अनुकूल हेराफेरी गर्न सकियोस् । तेश्रो हो, पूरै प्रशासनलाई अव्यवसायीकरण गरेर आफ्ना आसेपासेहरूलाई सल्लाहकार, विज्ञ आदिमा नियुक्त गरेर सचिवहरूको वैधानिक भूमिका नै कमजोर बनाउने । यो क्रम धेरै पहिलेदेखि नै निरन्तर छ ।

राम्रा शासनको अन्यपछि आधुनिक प्रशासन स्थापना गर्न दशजना सचिवहरू नियुक्त गरिएको थियो । राणाहरूले सेनाका अनेकहरूलाई सचिव बनाए भने नेपाली कांग्रेसले पाश्चापन पेशाबाट र शिक्षित युवाहरूबाट आफ्नो भागको सचिव नियुक्त गरेको थियो । राणाको तर्फबाट ज्वरशमेर थापा, सरदार गुन्जमान सिंह, ब्रिगेडियर तिलक शम्शेर, सरदार नगेन्द्रमान सिंह प्रधान जस्ता पुराना प्रशासक थिए भने कांग्रेसले कुलनाथ लोहनी, भवनाथ शर्मा, प्रद्युम्नलाल राजभण्डारी, हिमालय शम्शेर जबरा युवाहरू थिए । तर त्यसबेलाको अस्थिर राजनीति र कुनै पनि बेला पजनीबाट हटाइने हो भनेने डरमा रहेर सचिवहरूलाई कमजोर बनाइएको थियो । उदाहरणका लागि गुन्मान सिंहले सरुवा गरेको मन्त्रालयमा जान नमानेकोले सरकारले हटाएको थियो । एउटा विडम्बना नै भन्नुपर्छ कि यसरी सिधै छहुके प्रवेशमा नियुक्त सचिवहरूमध्येका केही पछिसम्म प्रशासनिक समाजले आदरसाथ लिने नाममा पर्छन् ।

हिमालय शम्शेर सचिव नियुक्त हुँदा २५ वर्षका मात्र रहेको उनको किताब 'सम्भना र चिन्तन'मा उल्लेख गरेका छन् । पञ्चायतकालमा राजनीतिक नियुक्तिको हलिमुहामी जस्तै रह्यो । पञ्चायतको पछिल्लो कालमा अधिकांश सचिवहरू राजनीतिक नियुक्तिको नाममा 'बर्खा मित्रबाट धिराइएका' (ब्लाइटिङ इन) थिए । तैपनि यस अवधिमा एउटै मन्त्रालयमा दुई सचिवको व्यवस्था भने गरिएन । बरू विशेष सचिव, अतिरिक्त सचिवको दरबन्दी सिर्जना गरेर 'उत्तराधिकारी योजना' लागू गर्न खोजेको देखिन्छ ।

दोस्रो जनआन्दोलनपछि सचिवको पदलाई हलुका रूपमा बढाउने या घटाउने गलत अभ्यास हुन थालेको देखिन्छ । एकै मन्त्रालयमा तीन तीन सचिवको पद सिर्जना गरेर नजिक हुन खोज्ने सहसचिवहरूलाई बढुवा गरियो । यसको पृतिकूल प्रभाव तब देखिन थाल्यो, जब मन्त्रीहरूले आफूखुसी मन परेको सचिवलाई अधिकार दिएर अप्रिय लाग्नेलाई कामविहीन र पंगु बनाउन सुरु गरे । यस्ता काम नपाउनेहरू मुख्यसचिव र प्रधानमन्त्री समक्ष गुनासो पोख्न आएको यस पंक्तिकार आफैंले देखेको हो । नेपालको प्रशासनको विडम्बना नै के हो भने सामान्य निम्नस्तरको राजपत्रअन्कित कर्मचारीको दरबन्दी सिर्जना गर्नुपर्‍यो भने क्षेएण्डएम सर्वे गर्ने, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति चाहिने जस्ता प्रक्रियागत जञ्जाल पार गर्नुपर्छ ।

विशिष्ट श्रेणीका सचिव र प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका 'तारे पद'हरू कुनै व्यक्तिको मुख हेरेर मन्त्रिपरिषद्ले तत्काल दरबन्दी सिर्जना गरिदिन्छ । यसबाट संगठनका मान्य सिद्धान्तहरू आदेशको एकता र नियन्त्रणको सीमा (स्पान अफ कन्ट्रोल) नै भंकिन पुगेको छ । मन्त्रालयहरूको संगठन पिरामिड होइन कि कहीं 'कब्बा' जस्तो त कहीं 'लोटा' आकारको हुन गएको छ । यस्ता असंगत दृश्यहरू सच्याउने प्रयास पनि बेला बेलामा हुने गरेको पनि छ । तर फेरि उही शैलीमा बहुलसचिव राख्ने क्रम चलिरहन्छ । देश्रो जनआन्दोलनपछिका सरकारहरूले यसमा सुधार गरेर एकल सचिव राख्न दरबन्दी घटाउने काम सुरु गरेकामा हाल यसमा उल्टो दरबन्दी थप्ने होड नै चलेको छ । पहिले एकजना विशिष्ट श्रेणीको पद रहेको महालेखापरीक्षकको कार्यालयमा चार जना पुर्याइएको छ । त्यस्तै ऊर्जा, जलस्रोत र सिंचाइ मन्त्रालयमा तीन, अर्थ मन्त्रालयमा तीन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा दुई, स्वास्थ्य मन्त्रालयमा दुई, महान्यायाधिवक्ताको कार्यालयमा चार जना विशिष्ट श्रेणीका पदहरू राखिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा यस पंक्तिकार सचिव हुँदा दुईजना सचिवको पद थियो, तैपनि आफूलाई काम नपुगेको अनुभव छ ।

म गृहसचिवमा कार्यरत रहँदाको एउटा सन्दर्भ रोचक छ । त्यसक्का सचिवको दरबन्दी थप्ने होड नै चलेको थियो । गृह मन्त्रालयमा कार्यबोझ बढी भएकले दुईजना सचिव राख्न प्रस्ताव भएको थियो । मैले प्रधानमन्त्री, मन्त्री र मुख्यसचिवसँग भनें, 'बरू मलाई हटाउनुहोस्, तर कमण्ड कन्ट्रोलमा बढी चल्नुपर्ने मन्त्रालयमा यसले भद्दगोल हुन्छ ।' मन्त्री पनि सहमत भएपछि अधिकांश मन्त्रालयहरूमा एकभन्दा बढी सचिवको दरबन्दी बनाइए पनि गृहमा यसो गरिएन । नेपोलियनले भनेका थिए कि 'दुईजना असल सेनापतिभन्दा एकजना खराब सेनापति राम्रो ।' अझैसो एकता खल्बलिने र जवाफदेहिता कमजोर हुने हँदा उनले यसो भनेको हुनुपर्छ । सेनाको सन्दर्भमा यसो भनिए पनि यो मान्यता सबैखाले संगठनहरूमा उत्तिकै लागू हुन्छ । त्यसैले नेपोलियनले प्रभावकारी 'रोयल सर्भिस'को नाममा प्रशासन संयन्त्र निर्माण गरेका थिए जुन फ्रान्समा अहिलेसम्म पनि कायम छ । त्यहाँको राजनीतिक अस्थिरतामा समेत कर्मचारीतन्त्रले शासन व्यवस्थित गर्न सकेको देखिन्छ ।

सैद्धान्तिक र कानूनी समान हैसियतका (कन्स्टिच्युसल एन्ड लेगल कोइक्वेल) दुईजना पदाधिकारी एउटै संगठनमा हुन भनेको अन्यौल, अनिश्चितता र द्वन्द्व निम्त्याउनु हो । राजनीतिक संगठनको हालत पनि यस्तै हो । नेकपामा दुई अध्यक्ष हुँदा 'इगो'का कारण द्वन्द्व बढ्न गई दल नै विभाजित हुन पुगेको देखिएकै हो । यस्तो उदाहरणबाट हामीले शिक्षा ग्रहण गर्न सकेनौं भने अझ भद्दगोल हुँदै जाने निश्चित छ । प्रशासन 'टिम स्पिरिट्'मा चल्नुपर्छ । तर, यस्ता टिम पनि तीन थरीका हुन्छन्, पहिलो 'बेसबल टिम' जसमा आफ्नो पोजिसनमा मात्र बस्ने टिमलाई सहयोग नगर्ने, दोश्रो 'टेनिस डबल टिम' यसमा टिमको सहयोगीलाई पनि सहयोग गर्ने । तेश्रो हो, 'फुटबल टिम' जसमा आ-आफ्ना पोजिसन निश्चित भए पनि समूह भावनामा खेल खेलिन्छ ।

मन्त्रालयमा एकभन्दा बढी सचिव भएमा 'बेसबल टिम' जस्तो खेल सुरु हुन्छ । यसले संगठनको हित त गर्दैन नै नीति कार्यान्वयन गरेर नागरिकहरूलाई दिने सेवा पनि प्रभावकारी हुँदैन । नेतृत्वबीचको ईर्षाको खेलले संगठनका अन्य सदस्यहरू समेत अलमलिन पुग्छन् । एउटा अंग्रेजी उखान छ, 'आधा पाउरोटी पनि रोटी नै हुन्छ, तर आधा शिशु आधा बच्चा हुन सक्दैन (हाफ अ लोफ इज् बिटर अ ब्रेड बट हाफ बेबी इज् नट अ हाफ चाइल्ड ।' यसको अर्थ सबै चिज भाग लगाउन योग्य हुँदैन्न भन्ने हो ।

उत्तरदायित्व, कमान्ड, अख्तियारी जस्ता कुरा भाग लगाउन मिल्दैन । संयुक्त राज्य अमेरिकाको स्टेटिइपार्टमेन्टका कर्मचारी जेम्स विल्सनले भनेका थिए, 'नीति हेरी किसिन्जरको नियन्त्रणमा छु, तर विभाग कसैको नियन्त्रणमा छैन ।' यस भनाइले यस्तै उत्तरदायित्व कमजोर बनेको स्थिति देखाएको छ । अन्य देशको उदाहरण हेर्ने हो भने पनि केही देशमा बहुल सचिवको व्यवस्था भए पनि मन्त्रालयको प्रशासनिक जवाफदेहिता वहन गर्ने 'प्रिन्सिपल सेक्रेटरी' एक व्यक्ति नै हुने गरेको पाइन्छ । भरतमा मन्त्रालयहरूमा एकभन्दा बढी सचिव रहे पनि ती सहयोगीको भूमिकामा रहन्छन् । त्यहाँको परराष्ट्र मन्त्रालयमा इस्ट, वेस्ट आदि हेर्ने सचिव रहे पनि उनीहरू 'फरेन सेक्रेटरी'को सहयोगीका रूपमा काम गर्छन् । त्यहाँको गृह मन्त्रालयमा बोर्डर म्यानेभेन्ट, प्रान्तीय मामिला हेर्ने सचिव छन् तर 'होम सेक्रेटरी'को सहयोगीका रूपमा । नेपालमा पनि यदि आवश्यक पर्छ भने विशेष सचिव वा अतिरिक्त सचिवको व्यवस्था गर्न उपयुक्त हुन्छ, जसले सचिवको सहयोगीका रूपमा काम गर्न सक्दछ । यो प्रयोग भएकै हो । यस व्यवस्थालाई विनाअध्ययन खारेज गरिनु नै गल्ती थियो ।

यदि तहगत प्रणालीमा जाने हो भने यसलाई सम्बोधन गर्ने गरी तहहरूको व्यवस्था गर्न सकिन्छ । तर, जसरी मन्त्रालयमा दुई मन्त्री हुनु हुँदैन त्यसैगरी दुई सचिव राख्न उपयुक्त हुँदै होइन । अहिले त प्रदेशहरूमा समेत मन्त्रालय दुब्याउने अर्को महारोगको संक्रमण देखारेको छ । यस्ता विकृतिहरू समयमै रोक्नु बुद्धिमानी हुन्छ । महत्वपूर्ण र बहुजिम्मेवारी वहन गर्ने सचिव जस्तो पदमा नियुक्ति प्रक्रियामा भने सुधारको आवश्यकता छ । यो पदमा क्षमताको परीक्षणबेगर बढुवा गरिने गरिएको छ र सिफारिसका आधारहरूमा पनि बारम्बार परिवर्तन हुने गरेको छ ।

कार्यकुशलता र जेष्ठताको आधारमा सिफारिस गरिने कानूनी प्रावधान भए पनि प्रचलनमा विभागीय कारवाहीमा परेका र अल्जाइमर जस्ता रोगबाट पीडितहरूले पनि पूरा अंक पाएको आधै बढुवा समितिमा अध्यक्ष हँदाको अनुभव छ । त्यसैले लोक सेवा आयोगले नेतृत्व परीक्षण गरेर सफल भएका सूचीबाट मात्र सचिव पदमा बढुवा गर्न आफ्नो प्रतिवेदनमा सुझाव दिएको थियो । बरु निजामती सेवा ऐन, २०१३ को दफा ८(२) को प्रतिबन्धात्मक वाक्यांशमा 'सेक्रेटरी' पदमा भने योग्यताको आधारमा मात्र प्रमोसन गरिनेछ भन्ने उल्लेख गरिएको थियो । पछिका संशोधन प्रतिगामी हुँदै जेष्ठता नै सचिव बढुवाको आधार हुन पुगेको छ । अन्य देशहरूको अभ्यास पनि 'मेरिट'मा आधारित हुँदै गएको देखिन्छ ।

बेलायतमा स्थायी सचिव पदका लागि आन्तरिक र बाह्य उम्मेदवारहरूको प्रतियोगितात्मक परीक्षा सिभिल सर्भिस कमिसनको निगरानीमा लिइन्छ । क्यानाडामा यस पदलाई 'डेप्टी मिनिस्टर' भनिन्छ र क्याबिनेट सेक्रेटरीको नेतृत्वमा छनौट गरिएकालाई नियुक्त गरिन्छ । न्युजिल्यान्डमा 'चिफ एक्जिक्युटिभ' भनिन्छ र 'स्टेट सर्भिस कमिसन'ले खुला प्रतियोगितावाट छनौट गर्दछ । उनीहरूलाई पाँच वर्षको कराररमा भर्ना गरिन्छ । श्रीलंकामा सामान्यतया सेवा बाहिरकालाई नियुक्त गरिन्छ र सेवाभित्रको नियुक्त भएमा ऊ सार्विक सेवाबाट अलग हुनुपर्छ ।

बंगलादेशमा समेत सचिव पदको परीक्षा लिइन्छ र यसमा सफल हुनेलाई पाँच ज्याइन्ट प्रमोसनमा सर गरिन्छ । अन्य देशहरूका राम्रा अभ्यासबट सिक्नुभन्दा नेपालले भने ज्यादाभयी दरबन्दी थप्ने सचिव जस्तो पदमा एक दिनका लागि भए पनि कसैलाई बढुवा गर्ने गलत अभ्यास गर्दैछ । प्रतिस्पर्धात्मक क्षमता भएका, आमूल परिवर्तनकारी नेतृत्वको अभाव रहेको अवस्थामा यस्ता उल्टो अभ्यासले हाम्रो निजामती सेवा अझ कमजोर बन्दै जानेछ ।

*(मैनाली लोक सेवा आयोगका पूर्वअध्यक्ष हुन् ।)*

*- साभारः इकान्तपुर*

# नेवार समुदायमा सगुन किन दिइन्छ ?

रोजीना महर्जन

संसारमा रहेका हरेक जातजातिका आ-आफ्ना रीतिरिवाज, चालचलन, आफ्नै संस्कृति तथा परम्पराहरू हुन्छन् र सबैको आफ्नै महत्व र विशेषता पनि । कतिपय परम्परा अलि कस्तो-कस्तो लाग्ने खालका पनि हुन्छन्, तर ती सबै आफ्नै प्रकारका हुन्छन् । कतिपय वैज्ञानिकतामा आधारित पनि हुन्छन् । यस्तै परम्पराहरूमध्ये एक हो- सगुन अर्थात् सँग (नेपाल भाषामा), कसै-कसैले सगुनलाई सौर्ज भन्ने पनि गर्छन् ।

सगुन (सँग) जन्मदिनमा, विवाहमा, ज्येष्ठ नागरिकको जंकोमा साथसाथै म्ह पूजामा र कोही बाहिर लामो यात्राका लागि जान लागेको छ भने वा फर्केको छ भने वा कोही ठूलो दुर्घटनाबाट बचेर आएको छ भने उसले पुनर्जन्म पाएको भनी र कुनै शुभकार्यको थालनी गर्न लागेको वा सम्पन्न भएको सन्दर्भमा दिइन्छ । यो एक प्रकारको आशीर्वाद वा स्याबासी हो, सम्मान हो ।

त्यस्तै गरी मातातीर्थ औसी, कुशे औसी, भाइ पूजामा दिदीबहिनीको हातबाट दाजुभाइलाई सगुन दिने चलन छ । यो प्रचलन हिन्दू तथा बौद्ध नेवार समुदाय दुवैले मान्दछन् । सगुन दिंदा अन्डा सगुन (ख्वँ) वा दही सगुन (धी) सँग दिने गरिन्छ । ख्वँ सगुनमा उसिनेर र पकाइएको सिगै अन्डा, माछा, मासु वा रक्सी दिने गरिन्छ । सगुन दिनुभन्दा अगाडि घरकी ज्येष्ठ महिलाले सुकुन्दालाई एउटा पातमा राखी भगवान् गणेशको पूजा गर्छिन् । भगवान्को पूजापछि सगुन दिइने व्यक्तिलाई रातो अबिर मुछिएको चामलको टीका निधारमा लगाइदिन्छिन् । त्यसपछि एउटा हातमा अन्डा, सिगै तारेको माछा, सानो टुक्रा मासु, सानो टुक्रा अदुवा, कसैले अदुवासँग लसुन पनि, योमरी (मास वा मुंगको रोटी) र अर्को हातमा सानो बटुकोमा रक्सी दिने गर्छन् । सगुन लिनेले सगुन दिने महिलालाई ढोगेर आशीर्वाद लिनुपर्छ र सगुन सबै खानुपर्छ । रक्सी तीन पटकसम्म अलि-अलि थपिंदिने चलन पनि छ । यो सबै तान्त्रिक विधिमा आधारित छ भनिन्छ ।

तान्त्रिक मतअनुसार मानव शरीर पञ्चतत्वबाट बनेको हुन्छ । पृथ्वी, जल, ताप, वायु तथा आकाश पञ्चतत्व हुन् । मानव शरीर मृत्यु भएपछि मासु, हड्डी जलाउने गरिन्छ, जुन खरानी हुन्छ भने जमिनमा गाडे माटो नै हुन्छ । त्यसैले यसलाई पृथ्वीको रूप मानिन्छ । रगत, पसिना अदि रसिलो पदार्थलाई जल तत्व मानिन्छ । शरीरको तातो भागलाई ताप तत्व र हवा श्वासलाई वायु तत्वका रूपमा र शरीरभित्रको खाली भागलाई आकाश तत्वको रूपमा लिइन्छ । यसरी पञ्चतत्वबाट बनेको मानव शरीरमा कुनै चिजको कमी भयो भने मानव शरीर विभिन्न रोगव्याधिबाट ग्रस्त हुन सक्छ । त्यसैले पनि यी तत्वहरूको उचित संयोजन भइरहनुपर्छ भनिन्छ । पञ्चतत्वलाई यसरी पनि वर्णन गरिएको पाइन्छ ।

अन्डालाई आकाश तत्व मानिन्छ, किनकि अन्डा पन्छीले दिन्छ । पन्छी आकाशमा उड्छ । त्यसैले अण्डालाई आकाश तत्व मानिएको हो । त्यस्तैगरी माछा पानीमा हुन्छ, त्यसैले माछालाई जल तत्व मानिन्छ । मासु जमिनमा विचरण गर्ने प्राणीबाट प्राप्त हुने भएकाले यो पृथ्वी तत्व मानिन्छ । सगुन लिइसकेपछि सगुन दिने मान्यवरलाई ढोगेर आशीर्वाद थाप्छन् ।

नेवारी समुदायमा म्ह पूजालाई नेपाल संवत् सुरुवात भएको पहिलो दिन मानिन्छ । त्यसैले यस दिनदेखि नयाँ आर्थिक वर्ष पनि सुरु हुने र नयाँ कामको पनि थालनी हुने हुँदा सो वर्ष सफलताका साथ सञ्चालन होस् भनेर घरमूलीले परिवारका सबै सदस्यहरूलाई अन्डा (ख्वँ) र दही (धी) सगुन दिने प्रचलन पनि रहेको छ । विभिन्न चाडपर्वमा कलमा फूल सिउरिने चलन पनि नेवारी समाजमा त्यत्तिकै छ ।

*- साभारः कारोबार*

# किसानमा हिउँले ल्याएको खुशी



बर्नेपा (रासस)/ काष्ठेपलाञ्चोकको अरुतो भेग महाभारत पहाडको उच्च भागमा परेको हिउँ झर्कै परिलएको छैन । बिहीबार रातिदेखि शनिबार बिहानसम्म परेको हिउँ खेल्न युवा रमाउँदै डोंड्राकोंडा देखिनेको भीड झर्कै छ । जिल्लाकै अरुतो भाग बेथानचोक गाउँपलिकाको बेथानचोक नारायणस्थानडोंडा हिउँले झपकै ढाकेको छ । हिउँ परेका कारण बारीमा पाकै परेको अन्नबाली नष्ट भए पनि अब लगाइने अन्नबाली सप्रिने आशामा छन् यहाँका किसान । करिब दुई दिनसम्म परेको हिउँका कारण यातायात ठप्प भएपछि हिंडेर दुंखर्क बजार पुगेका बोधानचोक गाउँपालिका-१ च्यामम्राङबेंसी कनडुसिका दुर्गप्रसाद हुमागाईंले बुढाबुढीका लागि कप्टकर भए पनि अब लगाइने अन्न बाली फल्टाउने आशामा रहेको बताए । हिमपातका कारण यातायातका साधन नचलेकाले करिब साढे दुई घण्टा हिंडेर शनिबार दुंखर्क बजारमा खाद्यान्न र मरमसला किन्न आइपुगेका उनले अलि मन खिन्न बनाएर भने, "बारीमा लगइको तोरी, जौं, गहुँ सबै नष्ट भऱ्यो । बारीमा सेतामय भएर छोपेको हिउँको थुप्राले सबै बाली नष्ट भए पनि अब गर्ने खेती सप्रिन्छ होला ।" विसं २०६१/६२ तिर परेको हिउँको सम्झना गर्दै उनले अहिले त्यसपछिको धेरै हिउँ परेको समय भएकाले केही क्षति व्यहोर्नु परे पनि अब गर्ने खेती राम्रो हुने बताए । बेथानचोक गाउँपालिका-३ का ठाकुर तिमल्सिनाले हिउँ परेपछि जमिन घिसो हुने र खेतीपातीका लागि राम्रो हुने बताए ।

"केही क्षति त सहनै पर्छ, तर अब आउने दिन हामी किसानका लागि हिउँले धेरै खुशी ल्याएको छ", उहाँले भन्नुभयो, "पाकेको बाली र उम्रँदै गरेको बाली हिउँले घिचेपछि त सबै सक्षाप हुन्छ, तर अब गर्ने खेती निकै राम्रो हुन्छ ।"

बिहीबार रातिदेखि परेको हिमपातका कारण जिल्लाका उच्च भागमा असर परेको छ । जिल्लाको कोसीपारिको अरुतो भाग भूम्लु गाउँपालिकाको चौबासडोंडा, तेमालको नारायण स्थानलगायत रोशी र बेथाचोकेको अरुतो भाग महाभारत क्षेत्रका अधिकांश भू-भागमा हिउं परेपछि घिसो बढेको हो ।

अरुतो भू-भाग भएको बेथानचोकको कमीडोंडा, बेथानचोक नारायणस्थानका डोंडा अकै पनि हिउँले ढाकिएका छन् । हिउं परेपछि पर्यटकीय क्षेत्र बोधानचोक नारायणस्थानडोंडा र दुंखर्क, गोवभञ्ज्याङलगायतका ठाउंमा शनिबार विभिन्न ठाउँबाट हिउं खेल्न जानेको भीड घियो ।

# संरक्षणसहितको विकासमा जोड

चितवन (रासस)/ मानव र वन्यजन्तुबीचको द्वन्द्व घटाउँदै संरक्षणसहितको विकास गर्नुपर्नेमा जोड दिइएको छ ।

प्रेस चौतारी नेपाल, चितवन शाखाले यहाँ आयोजना गरेको 'वन्यजन्तु संरक्षण र विकास : आवश्यकता र चुनौती' विषयक अन्तर्किया कार्यक्रममा वक्ताहरूले वन र वन्यजन्तुको संरक्षण गर्दै अघि बढ्नुपर्नेमा जोड दिएका हुन् । जिल्लामा मानव बस्तीभन्दा पहिला दुर्लभ वन्यजन्तुको बासस्थान भएकाले विकासका नाममा वन्यजन्तुको बासस्थान अतिक्रमण गर्न नहुनेमा उनीहरूको जोड थियो ।

सो अवसरमा त्रिभुवन विश्वविद्यालयका प्रा कृष्ण काफ्लेले चितवन बाघ र गैंडालगायतका वन्यजन्तुको बासस्थान रहेको र मानव उनीहरूसँग मिलेर बस्न आएको बताए । उनले भने, "चितवन वन्यजन्तुको घर हो, हामी उनीहरूसँग मिलेर बस्न आएका हौं ।"

दुई साताअघि पूर्वपश्चिम राजमार्गको गोन्दाडमा सडक विस्तारका लागि खनिएको खाडलमा परेर गैंडा मरेपछि बल्ल चलिरहेका बेला कार्यक्रमको आयोजना गरिएको हो । काफ्ले मानव उत्पत्तीसँगै प्रकृतिसँग द्वन्द्व सुरु भएको बताउँदै उनले भने, "मान्छेले प्रकृतिलाई जितौला भन्ने नसोचे हुन्छ ।" वन र वन्यजन्तुको संरक्षण गर्न नसक्ने हो भने विकासल स्थिति सिर्जना हुने उनले बताए । उनले भने, "७५ प्रतिशत सस्था रोग जोली जनावरबाट मानिसमा आउँछन् । प्राकृतिक विनास भयो भने नयाँ-नयाँ मूसा, चरा, किराल्गायतका जीवको उत्पत्ति हुन्छ र त्यसले मानव जातिमा ठूलो संकट पैदा गर्दछ ।"

चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र विकास समितिका अध्यक्ष प्रकाश डुंगानाले विकास जरुरी रहेको उल्लेख गर्दै भने "संरक्षण अनिवार्य हो ।" यहाँको वन र वन्यजन्तु हेर्नेकै लागि पर्यटक आउने गरेको चर्चा गर्दै डुंगानाले थपे, "त्यही देखाएर हामीले पर्यटकीय गतिविधि सञ्चालन गरेका छौं, मध्यवर्तीमा रोजगारी सिर्जना भएको छ ।"

राष्ट्रिय प्रकृति संरक्षण कोष चितवनका प्रमुख डा. बाबुराम लामिछानेले साना-साना कुराले संरक्षणको क्षेत्रमा ठूलो प्रभाव पार्ने बताए । सडक, रेलमार्ग, विद्युत् ट्रान्समिसनलगायतले वन्यजन्तु संरक्षणमा प्रभाव पारेको चर्चा गर्दै उनले भने, "पूर्व-पश्चिम राजमार्गमा २७१ किलोमिटर जंगल पर्दछ ।" नेपालका अध्यभन्दा बढी जनसंख्या तराईमा रहेको र वन र वन्यजन्तुको ठूलो संख्यामा पनि यही क्षेत्रमा रहेको चर्चा गर्दै लामिछानेले भने, "यही क्षेत्रमा विकास धेरै भइरोका छन् ।"

हामीले बनाउने संरचनामा वन्यजन्तुको भविष्य निर्भर हुने भन्दै उनले भने, "वन्यजन्तुको मृत्युको प्रमुख कारण सडक दुर्घटना हो ।" नेपालमा एक वर्षमा दुई हजार ३७४ वन्यजन्तु मरिंदा ६१४ सडक दुर्घटनामा परेर मरेको तथ्यांक उनले प्रस्तुत गरे । उक्त तथ्यांक निकुञ्जको मात्रै हो ।

कार्यक्रममा प्रेस चौतारी नेपाल, चितवनका संस्थापक अध्यक्ष रामबाबु सुवेदी, नेकपा (एमाले) चितवनका अध्यक्ष पार्वती रावल, नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष नारायण अधिकारी, निर्माण व्यवसायी संघ चितवनका अध्यक्ष उमानन्द कँडेल, चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत एवं सूचना अधिकारी गणेशप्रसाद तिवारी, पश्चिम चितवन पत्रकार मञ्चका अध्यक्ष अपिल घिमिरेलगायतले आ आफ्नो धारणा राखेको थियो ।

# वर्षाले एक करोड इँटा नष्ट

चितवन (रासस)/ वर्षाले यहाँका ईंटा उद्योगमा एक करोडभन्दा बढी ईंटा नष्ट गरेको छ । उद्योगले बनाएका काँचा ईंटा पानीले नष्ट गरेको हो ।

व्यवसायीका अनुसार पकाउन तयारी अवस्थामा रहेका काँचो ईंटा पानीले बिगारेर नष्ट गरेको छ । माटो प्रशोधन गरेर ईंटा बनाएर पकाउनुअघि पानी परेपछि पूरै नष्ट हुने गर्दछ । काँचो ईंटाघाममा सुकाएपछि पकाउन राख्ने गरिन्छ । केही दिन परेको वर्षाका कारण ईंटा नोक्सान भएको हो । चितवन ईंटा उद्योग संघका अध्यक्ष नारायण सापकोटाका अनुसार जिल्लामा सात उद्योगका ईंटा नष्ट भएका हुन् ।

कोभिड १९ अघि १८ उद्योग सञ्चालनमा थिए । अन्य उद्योग कोरोनाका कारण बन्द भएका छन् । सापकोटाको भनाइमा हाल सञ्चालनमा रहेका उद्योगमा सरदर एउटामा १५ लाख काँचो ईंटारहेका थिए । पानीले सबै ईंटा नष्ट भाएका छन् । उनले भने, "संख्याको हिसाबले एक करोडभन्दा बढी ईंटा नष्ट भएका छन् ।" यसबाट करोडौं रुपैयाँ नोक्सानी भएको उनको दाबी छ ।

आफ्नो बिके ईंटा उद्योगका १५ लाख काँचो ईंटा नष्ट भएको उनले जानकारी दिए । ईंटा उद्योग महासंघका उपाध्यक्षसमेत रहेका सापकोटाले बेमौसमी वर्षाका कारण देशभरका एक हजार ५०० उद्योगमा नोक्सान पुगेको बताए । उनले भने "आत्मनिर्भर ईंटा उद्योग कोभिडसँगै बेमौसमी वर्षाले विस्थापित हुने अवस्थामा पुगेका छन् ।" सरकारले समयमै सम्बोधन नगरेमा आत्मनिर्भर यो व्यवसाय विदेशमा निर्भर हुनुपर्ने अवस्था आउने उनको भनाइ छ ।

ईंटा पकाउन प्रयोग हुने कोइला बाहेक अन्य कच्चा पदार्थ यहीँ पाइन्छ । केही जनशक्ति भारतबाट ल्याइन्छ । ठूलो संख्यामा नेपालीले स्वदेशमै रोजगारी पाएका छन् । पूर्वी चितवनको बैरहनीस्थित ललपुरमा रहेको मनकामना ईंटाउद्योगमा रहेका १० लाख काँचो ईंटा नष्ट भएका छन् । उद्योगका सञ्चालक पुष्प पियारले वर्षाका कारण ठूलो नोक्सानी व्यहोर्नु परेको बताए । एक हजार काँचो ईंटा बनाउन मजदूरलाई मात्रै रु एक हजार २०० दिनुपर्ने भन्दै उनले माटो, बालुवालगायत सामग्री खरिद गर्दा ठूलो लगानी हुने बताए ।

# चित्र कोरेरै मासिक ४० हजार कमाइ

रामपुर (रासस)/ पूर्वाञ्चेला गाउँपालिका-५ बीरकोटका हिरा श्रेष्ठको दिनचर्या अहिले चित्र कोर्दैमा बित्ने गरेको छ । उनलाई यतिबेला विभिन्न थरीका चित्र बनाउन भ्याइनभ्याइ छ ।

हाल पाल्पा रामपुर नगरपालिकाका विभिन्न संघसंस्था, होटल, रेष्टुरेन्ट र विद्यालयका लागि चित्र कोर्दैमा दिन बितेको श्रेष्ठलाई परै छैन । यस कार्यबाट मासिक ४० हजारसम्म उनी कमाइ गर्छन् ।

श्रेष्ठले भने, "आफूमा सीप र जोगर भएपछि जीवन धान्न गाह्रो हुँदो रहेनछ, अहिले भित्ते चित्र कोर्ने काममा व्यस्त छु, काम गर्दै जाँदा सीपमा निखारता आउने र कमाई पनि राम्रै हुने रहेछ ।"

सानैदेखि नै चित्र कोर्ने कार्यमा रुचि जगाउने ३६ वर्षीय श्रेष्ठ अहिले दाम कमाउने मात्र नभई समाजमा राम्रो पहिचान बनाउन सफल भएको छ । विसं २०५७ देखि यस कार्यमा लागेका उनले दुई वर्षदेखि रामपुरलाई कार्यथलो बनाउनाका साथै जिल्लाका विभिन्न ठाउँमा पुगेर चित्र बनाउने गरेका छन् ।

भित्तेलेखन, साइनबोर्ड, कम्पनीको बोर्ड, घरका भित्ता सजावटलगायत सबै सीप श्रेष्ठमा छ । कक्षा १२ सम्म अध्ययन गरेका उनले परिवारको आर्थिक अवस्था नाजुक भएका कारण थप अध्ययनलाई भने अगाडि बढाउन सकेन ।

आफ्नुसँग भएको सीपलाई विकास गर्दै जाँदा अहिले यस कार्यमा श्रेष्ठ दख्खल बनेका छन् । धेरै ग्राहकबाट माग आएपछि बुटवलमा एक वर्ष बसेर थप सीप सिकेको उनको चित्रकला लोभलाग्दो हुन थालेको छ । "ठूलाठूला होटल रेष्टुरेन्ट, संघसंस्थाबाट माग धेरै आउन थालेपछि एक वर्ष बुटवलमा बसेर थप सीप सिकेको उनको चित्रकला लोभलाग्दो हुन थालेको छ । "ठूलाठूला होटल रेष्टुरेन्ट, संघसंस्थाबाट माग धेरै आउन थालेपछि एक वर्ष बुटवलमा बसेर थप सीप सिकेपछि व्यावसायिक करुपमा काम गर्न थालेको छ, यो व्यवसायबाट अहिले म सन्तुष्ट छु", श्रेष्ठले भने ।

यहीँ व्यवसायले श्रीमती, दुई छोराछोरीका साथै बुबा- आमाको पालनपोषण, छोराछोरीको पढाई खर्च र घरखर्च पनि राम्रोसँग चलेको उनले बताए । श्रेष्ठमा बढी प्राकृतिक वस्तुको चित्र कोर्ने रुचि भए पनि ग्राहकले जुन प्रकारको चित्र खोज्यो जस्तालो तस्तै तयार पार्न सिपालु छन् ।

सानैमा विद्यालयमा चित्रकलाको कार्यक्रममा सधैं उत्कृष्ट हुने उनमा भविष्यमा चित्रकार बन्ने सपना पनि सन्निहित थलाएको थियो । परिवारको हौसला, अग्रज चित्रकार, आफन्त, साथीभाइको प्रेरणा र आफ्नै मेहनतले श्रेष्ठका सीपमा निखारता आउन थालेको छ । अलि समाजमा चित्र कोर्ने कार्यलाई व्यावसायिक बनाउने साथै भेंटिदैनन् । यसमा दख्खल भएका व्यक्तिलाई राज्यले संरक्षण गर्नुपर्नेमा रामपुरस्थित गंगा माविका सहायक प्रधानाध्यापक कृष्ण घिमिरेले जोड दिए ।

"उमिमा जुनसुकै प्रकारका वस्तु तथा व्यक्तिको चित्र बनाउन पठायो, ठ्याक्कै मिल्दो चित्र बनाउने राम्रो प्रतिभा देखे, यसमा तारीफ भएर लाग्ने हो भने भविष्य उज्ज्वल छ", उनले भने । कागजमा बनाइको चित्रको माग कमै आउँछ ।

अहिलेका सन्दर्भमा भित्तेलेखन नै बढी आउने गरेको चित्रकार श्रेष्ठले बताए । पछिल्लो समय ठूलाठूला घर भवन, संघसंस्था, होटल रेष्टुरेन्ट प्रमाग्रम बन्न थालेपछि आफ्नो कला र सीप प्रदर्शन गर्न राम्रो अवसर मिलेको उनको भनाइ थियो ।

चित्र कोर्ने सीप भएका तर अवसर नपाएर घरैमे यस कार्यलाई अर्थोपार्जनका रुपमा विकास गर्न सकिरहेका छैनन् । श्रेष्ठको जसै सीप र मेहनत अवलम्बन गर्ने हो भने निर्वाह गर्न कठिनाइ हुँदैन ।

# आयोजनाबाट असर पर्ने स्थानीयवासीलाई शेयर

काठमाडौं (रासस)/ ग्रीन भेन्चर्स लिमिटेडले आयोजनाबाट असर पर्न सक्ने स्थानीय बासिन्दाका लागि साधारण शेयर बिक्री खुला गर्ने भएको छ । कम्पनीले आगामी फागुन २ गतेदेखि प्रतिकित्ता रु १०० अंकित मूल्यमा रु ३ करोड २५ लाख मूल्य बराबरको प्रारम्भिक सार्वजनिक निष्कासन(आइपीओ) बिक्रीका लागि खुल्ला गर्न लागेको हो ।

कम्पनीले आफ्नो जारी पुँजी (रु तीन अर्ब १२ करोड ५० लाख) को १० प्रतिशतले रु १०० अंकित दरका ३१ लाख २५ हजार कित्ता साधारण शेयर ओखलढुंगा जिल्लाको खिजिदेम्बा गाउँपालिका-१, २ र ३ तथा सिस्नु गाउँपालिका-९ र रामेछाप जिल्लाको सिस्नु तामाकोशी गाउँपालिका-१ र २ तथा उमाकुण्ड गाउँपालिका-७ का आयोजनाबाट असर पर्ने क्षेत्रका बासिन्दाका लागि साधारण शेयर बिक्री खुला गर्ने भएको हो ।

कम्पनीले सार्वजनिक गरेको आह्वान पत्रानुसार ओखलढुंगा र रामेछाप जिल्लाका आयोजना आसपास क्षेत्रमा बसोबास गर्ने स्थानीयवासीले नेपाल धितोपत्र बोर्डबाट आस्था सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाबाट आस्था प्रणालीमार्फत शेयर खरिदका लागि आवेदन दिन सक्नेछन् । साथै लक्ष्मी बैंकको रामेछापको मन्चली शाखा, नेपाल इन्भेस्टमेन्ट बैंकको धोबीबजार शाखा, मेगा बैंकको मन्चली शाखा, मेगा बैंकको ओखलढुंगा जिल्लाश्थित खिजिदेम्बा शाखा तथा आयोजना स्थलबाट शेयरका लागि आवेदन दिन सक्ने कम्पनीले जनाएको छ । कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड रहेको छ ।

धितोपत्रको सार्वजनिक निष्कासन गर्दा केडिट रेटिङ गर्नुपर्ने व्यवस्थाअनुसार रेटिङ गर्या केयर रेटिंग कम्पनीलाई 'केयरनपी-आईआर बीबी' रेटिङ प्रदान गरिएको छ । रेटिङ अनुसार कम्पनीको हालको अवस्था दायित्व वहन गर्ने क्षमतामा औसत जोखिममा रहेको बुझिन्छ ।

# ओली सात महिनापछि बालुवाटारमा

काठमाडौं (रासस)/ प्रधानमन्त्रीबाट बाहिरिएको सात महिनापछि नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली औपचारिक बैठकका लागि प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पुगेका छन् ।

प्रधानमन्त्री शेरबहादुर देउवाले समसामयिक राजनीतिक विषयमा छलफलका लागि आमन्त्रण गरेपछि पूर्वप्रधानमन्त्री ओली आइतबार अपराह्न बालुवाटार पुगेको हो । गत असार २९ गते नेपाली कंग्रेसका सभापति देउवा प्रधानमन्त्री बनेको थियो ।

सोही दिन नै ओलीले बालुवाटार छाडेको थियो । प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री देउवा, प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष ओली र नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच छलफल सुरु भएको छ । सो छलफलका लागि ओली बालुवाटार पुगेको हो ।

उनीहरूबीच अमेरिकी सहयोग परियोजना (एमसिसि), स्थानीय निर्वाचन र अन्य समसामयिक राजनीतिक विषयमा छलफल हुने कार्यक्रम रोक्को बालुवाटारले जनाएको छ । यसअघि गत पुस २४ गते प्रधानमन्त्री देउवा ओली निवास बालकोट पुगेको थियो । उनीहरूबीच समसामयिक राजनीतिक विषयमा छलफल भएको थियो ।

प्रधानमन्त्री देउवा बालकोट पुगेको करिब एक महिनापछि एमाले अध्यक्ष ओली बालुवाटारमा छलफल गर्न तयार भएको हो । एमालेको अवरोधका कारण संघीय संसद्को बैठक लामो समयदेखि नियमित कार्यसूचीमा नै प्रवेश गर्न पाएको छैन ।

# लागूऔषधसहित दुई पक्राउ

काठमाडौं (रासस)/ नेपाल प्रहरीले लागूऔषधसहित यहाँबाट दुई जनालाई पक्राउ गरेको छ ।

महानगरीय प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-३२ नैरोबि मनोहरा बरिङ्गोरीस्थित ललितपुर जोड्ने पुल नजिक लागूऔषधसहित सल्ली भल्लया नारपानिका-१० का २० वर्षीय अनुज मण्डल र २० वर्षीय अभिषेक शालनाई शनिबार रात्रि पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो ।

महानगरीय प्रहरी परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले झोलामा लागूऔषध बोकेर हिंडिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए । प्रहरीले पक्राउ परेकाहरूसँग ३०० एम्पुल डाइजेपाम, ३०० एम्पुल नुर्फिन र ३०० एम्पुल फेनार्गन बरामद गरेको छ ।

पक्राउ परेकालगे लागूऔषध नियन्त्रण ऐन, २०४३ अन्तर्गत महानगरीय प्रहरीहरू बसेकाले अनुसन्धान गरिरहेको प्रवक्ता मैनालीले बताए ।

# ऋणको ब्याज उच्च हुँदा उद्योग व्यवसाय मर्कामा

चितवन (रासस)/ कोरोना भाइरस संक्रमणको मारमा परेका यहाँका उद्योग व्यवसाय बैंकहरले ब्याजदर बढाउँदै लगेपछि थप प्रभावित बनेका छन् । कोरोना भाइरस संक्रमणका कारण संकटमा परेका उद्योगी व्यवसायी बैंकले ऋणीसँग सम्झौता गर्दा भएको ब्याजलाई क्रमशः बढाउँदै लगेपछि थप मर्कामा परेका हुन् ।

गतवर्षको तुलनामा यो वर्ष बैंकको ब्याज बढेको छ । बैंकको बेसरेट (आधारदर) गत वर्ष पुसको तुलनामा यस वर्षको पुसमा दुई प्रतिशत हाराहारीले बढेको छ । उनीहरूले तरलता अभाव देखाउँदै बेसरेटमा ६ प्रतिशतसम्म प्रिमियम जोडेर ब्याजदर तय गर्ने गरेका छन् । बैंकमा तरलता अभावले ब्याजदर बढाउनु परेको बैंकरहरु बताउँछन् ।

ठूलो उद्योग र कृषि क्षेत्रमा बैंक केही उदार भए पनि मझौला र साना ऋणीलाई उच्च ब्याजदर लिने गरेका छन् । गत वर्षको पुसमा राष्ट्रिय वाणिज्य बैंकको बेसरेट ५ दशमलव ५१ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षको पुसमा यो दर ६ दशमलव ६ प्रतिशत पुगेको छ । यो बेसरेट बैंकमा सबैभन्दा कम हो । सिभिल बैंकको गत आर्थिक वर्षको पुसमा ८ दशमलव ४५ प्रतिशत बेसरेट रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा ९ दशमलव ७४ प्रशित पुगेको छ ।

गतवर्षको पुसको तुलनामा यस वर्षको पुसमा सबैभन्दा बढी एनआईसि एशिया बैंकको बेसरेट बढेको छ । गतवर्षको पुसमा यो बैंकको बेसरेट २ दशमलव ७९ प्रतिशत रहेकोमा त्यसमा वृद्धि भएर अहिले ९ दशमलव ४४ प्रतिशत पुगेको छ । यो बैंकले आफ्नो बेसरेटमा ६ प्रतिशतसम्म प्रिमियम जोडेर ब्याजदर तय गर्दा १५ प्रतिशतसम्म पुग्ने गरेको छ ।

कृषि क्षेत्रमा ठूला बैंकले दुई प्रतिशत प्रिमियम थप गरेका छन् भने अन्य क्षेत्रमा ३ देखि ६ प्रतिशतसम्म प्रिमियम थप गरेको पाइन्छ । नवील बैंकका एक कर्मचारीले कृषिमा २ प्रतिशत र अन्य क्षेत्रमा ३ देखि ५ प्रतिशत प्रिमियम थप गरेर ब्याजदर कायम गर्ने गरिएको जानकारी दिए ।

उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष त्रिलोचन कँडेलले बैंकको ज्यादतिका कारण उद्योग व्यवसाय धरासायी हुने अवस्थामा पुगेको बताए । उनले भने, "ब्याजदर मनलाग्दी बढाएका छन् । स्वीकृत भएका ऋण समेत नदिएर व्यवसाय धरासायी बनाउने अवस्थामा पुगेका छन् ।" बैंकले लिएको गलत नीतिका कारण कोभिडपछि प्रभावित व्यवसाय थप समस्यामा पुगेको उनको भनाइ छ ।

संघका पूर्वअध्यक्ष राजन गौहमले बैंक नाफामुखी भएको बताए । उनले भने, "बैंकले व्यवसायीको समस्या बुझेन, राज्य पनि उदासिन छ । बैंकहरुले ब्याजदर बढाउँदै लगेपछि २५ प्रतिशत उद्योग धरासायी भइसकेका छन् ।" यसै स्थिति रहयो भने उद्योगीले आत्महत्या गर्न बाध्य हुनुपर्ने स्थिति आउन सक्ने चेतावनी उनको छ । संघीय राजधानीका एक व्यवसायी हालै मात्र परिवार सहित भारन् परेको बाध्यताको पछाडि बैंक प्रमुख कारण रहेको उनको दाबी छ ।

बैंकहरुले ब्याजदर बढाउँदै लगेपछि पर्यटन व्यवसाय झनै प्रभावित बनेको छ । कोभिडले पर्यटन व्यवसाय ठप्प प्रायः रहेका बेला बैंकको ब्याज उच्च हुँदा व्यवसायी तिर्नै नसक्ने स्थितिमा पुगेका छन् । सौराहाको होटल सेभेन स्टारका सञ्चालक माधव दुवाडीले कोभिड-१९ ले थला परेको पर्यटन व्यवसायलाई राज्यले हेर्नुपर्नेमा जोड दिए । व्यवसाय रहे बैंक रहने र डुबे बैंकसमेत डुबे भएकाले अप्ठ्यारो परेको बेला बैंकले व्यवसायीलाई फेन्न नहुने उनको तर्क छ । उनले भने, "गाह्रो हुँदा पेन्ने परिपाटी भइरहेको छ । बैंक र व्यवसायीबीचमा नङ र मासुको सम्बन्ध हुनुपर्छ ।" उद्योग वाणिज्य संघ चितवनका पूर्वअध्यक्ष कल्याण जोशीले बैंकहरुले ब्याज बढाउँदै लगेपछि व्यवसाय गर्न कठिन हुँदै गएको बताए । उनले भने, "थप लगानी गर्न बैंक तयार हुँदैन, व्यवसायको खर्च बढेको छ व्यवसाय कम छ । उद्योगको लागत मूल्य निकै बढ्यो ।"

होटल, हस्पिटल, औषधि उद्योगलगायतका ठूला लगानीकर्ताको रुपमा परिचित जोशीले कोरोना भाइरस संक्रमणको बढ्दो जोखिमसँगै बैंकहरुले बढाउँदै गएको ब्याज दरका कारण व्यवसाय विस्तार गर्न कठिन हुने अवस्था आएको बताए ।

रोयल फर्मासिटिकल्स प्रालिका प्रबन्ध निर्देशक केशव लामिछानेले उद्योगको लागत मूल्य निकै बढेको भन्दै कोभिड-१९ का कारण थला परेको उद्योग क्षेत्रमा बैंकको बढ्दो ब्याजले झन् समस्या बनाएको बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई दुबक हुनुहोस् ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

**चक्काजाम:** नेत्र विक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी निकट जनवर्गीय संगठनहरूले हेटौंडामा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरोधमा चक्काजाम गरेका छन् । संगठनहरूले आइतबार एक घण्टा चक्काजाम गरेर विरोध गरेका हुन् । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाको बाइपासमा प्रदर्शन गर्दै चक्काजाम गरेका थिए । नेपाल आयल निगमले पेट्रोलको मूल्य प्रतिलिटर १ सय ४२, डिजेल र मट्टितेलको मूल्य १ सय २४ रुपैयाँ पुऱ्याएको थियो ।

# नदीजन्य पदार्थको जरिवानामा एकरुपता कायम गर्ने निर्णय

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा नदीजन्य पदार्थको चोरी निकासी न्यूनीकरणमा जोड दिँदै जिल्लाका १० वटै स्थानीय तहमा जरिवाना रकममा एकरुपता दिने निर्णय गरिएको छ ।

नदीजन्य तथा खानीजन्य जिल्ला अनुगमन समितिको बैठकले यस्तो निर्णय गरेको हो । हरेक स्थानीय तहमा फरकफरक जरिवाना लिँदा चोरी निकासी बढेको पाइएपछि एकै किसिमको मापदण्ड लागू गर्ने निर्णय गरिएको हो ।

समितिका संयोजक तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकले नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रणका लागि विविध निर्णयहरु गरेको थियो । बैठकले जिल्लाका सबै स्थानीय तहमा जिल्ला सभाबाट पारित मापदण्ड अनुसार जरिवाना गर्ने निर्णय गरेको छ ।

बैठकले जिल्ला सभाबाट पारित मापदण्डलाई आधार मानेर स्थानीय तहहरुलाई आ-आफ्नो कार्यपालिकाबाट मापदण्ड पारित गरेर कार्यान्वन गर्न निर्देशन गरेको हो । त्यसै बैठकले जिल्लामा दर्ता विना सञ्चालित, बालुवा तथा ऋसर उद्योग तत्काल बन्द गर्न निर्देशन गरेको छ । बैठकले दर्ता विना सञ्चालित ऋसर, बालुवा उद्योग तथा फिरफिरेसमेत तत्काल बन्द गरी अनुगमन समितिलाई जानकारी गराउन निर्देशन दिने निर्णय गरेको हो ।

बैठकले यसअघि अनुगमन समितिबाट भएका निर्णयहरु कार्यान्वय गर्न स्थानीय तहलाई निर्देशन दिएको छ । बैठकमा समितिबाट यसअघि भएका विभिन्न निर्णयका विषयमा स्थानीय तहहरुले के-कति कार्यान्वयन गरेको छ भन्ने विषयमा स्थानीय तहका प्रमुखहरुसँग जानकारीसमेत लिइएको थियो ।

स्थानीय तहका प्रमुखहरुले बैठकमा स्टकको अवस्था, आइई पारित भए/नभएको सार्वै ठेक्का बन्दोबस्तीका विषयमा जानकारी गराएका थिए । ऋसरहरुको स्रोत एकिन गरी आगामी बैठकमा पेश गर्न बैठकले आन्तरिक राजस्व कार्यालयलाई निर्देशन गरेको छ ।

बैठकमा थाहा नगर पालिकाका मेयर लवशेर बिष्ट, उपमेयर खड्ग गोपाली, मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेती, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष बिदुर हुमागाई, भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष जीवन लामा, कैलाश गाउँपालिकाका अध्यक्ष सुकुमाया घिङ, बकैया गाउँपालिकाका उपाध्यक्ष सरला बोलखे, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, समन्वय अधिकारी आनन्दराज पोखरेल, प्रहरी उपरिक्षक सुरेन्द्रबहादुर गुरुङ, शास्त्र प्रहरी उपरीक्षक नेत्रबहादुर कार्की, डिभिजन वन कार्यालय हेटौंडाका प्रमुख शिव साफकोटलगायत समतिका सदस्यहरु डिभिजन वन कार्यालय मनहरी, आन्तरिक राजस्व कार्यालय, पर्सा राष्ट्रिय निकुञ्जका प्रतिनिधिहरुको उपस्थिति थियो ।

## अनुशासित विद्यार्थी पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिका-४ मसिनेस्थित पशुपतिनाथ माविले सरस्वती पूजाबे अवसर परेर अनुशासित विद्यार्थी पुरस्कृत गरेको छ ।

कक्षा ८ मा अध्ययनरत शोभित बस्नेत र कक्षा ९ मा अध्ययनरत सुस्मिता जिम्बालाई नगदसहित प्रशंशापत्र प्रदान गरिएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव गौतमको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी-४ का वडाअध्यक्ष ध्रुव खड्काले विद्यार्थीलाई नगद तथा प्रशंशापत्र प्रदान गरेका थिए ।

विद्यालयमा अध्ययन गर्ने विद्यार्थीमध्य सबैभन्दा अनुशासित, जेहेन्दार छात्रछात्रालाई बिगत एक दसकदेखि यो सम्मान प्रदान गरिँदै आएको छ । पशुपतिनाथ माविका सेवानिवृत्त शिक्षक चेतप्रसाद पौडेलले आफ्नो मातापिता जशोदादेवी र लाल प्रसादको स्मृतिमा ५० हजार राशीको अक्षयकोष स्थापना गरेका छन् ।

सोही कोषको ब्याजबाट हरेक वर्ष एक जना छात्र र एक जना छात्रालाई नगद २ हजार ५ सय तथा प्रशंशापत्र प्रदान गर्ने व्यवस्था मिलाईएको विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यले जानकारी दिए । विद्यालयमा ३८ बर्ष सेवा गरी हाल सेवानिवृत्त शिक्षक कबिराज तिवारीले पनि आफ्नो मातापिताको स्मृतिमा ५० हजार रुपैयाँको अक्षय कोष स्थापना गर्ने बताएका छन् ।

## त्रिभुवन राजपथमा हट्यो हिउँको अवरोध

साझाकुरा संवाददाता

हेटौंडा/गत बिहीबार र शुक्रबारको हिमपातका कारण अवरुद्ध भएको त्रिभुवन राजपथ आइतबारबाट संचालनमा आएको छ ।

मकवानपुरका उत्तरी क्षेत्रस्थित सिमभञ्ज्याङ र दामन क्षेत्रमा भारी हिमपात कारण अवरुद्ध रहेको राजपथमा हिउँ हटाएसँगै अवरोध हटेको हो । राजमार्ग सञ्चालनमा ल्याउन थाहा नगरपालिकाले डोजर प्रयोग गरिएको थियो भने प्रहरी पनि खटिएका थिए ।

डोजरले सडकमा जमेको हिउँ फालिएको थियो । प्रहरीले सावेलले सडकको हिउँ पन्छाएका थिए । 'हिउँ पन्छाउन शुक्रबार बिहानदेखि सुरु गरिएको थियो । शनिबार राति सकियो,' इपका पालुङका प्रहरी निरीक्षक श्रीराम तिमल्सिनाले भने । उनका अनुसार शनिबार मध्यरातबाटै बाटो सुचारु भएको छ ।

बिहीबार राति वर्षासँगै भारी हिमपात भएकाले हेटौंडा-काठमाडौं जोड्ने पुरानो राजमार्ग त्रिभुवन राजपथअन्तर्गत सिमभञ्ज्याङ र दामन क्षेत्रको सडकमा एक फिटभन्दा बढी हिउँ जमेको हो । त्रिभुवन राजपथको दामनदेखि गोलभेडसम्म हिउँ जमेको छ । हिउँपे मीहरू शुक्रबारदेखि सिमभञ्ज्याङ र दामन क्षेत्रमा पुगेका छन् । उक्त क्षेत्रका होटल लजहरू अझैले भरिभराउ छन् ।

## स्टेशनरी महासंघद्वारा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/आफ्नो स्थापना दिवसको सन्दर्भमा नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ जिल्ला शाखा मकवानपुरले आइतबार स्टेशनरी तथा खेलकुद सामग्री सहयोग गरेको छ ।

स्टेशनरी व्यवसायी महासंघको स्थापना दिवस, श्रीपञ्चमी तथा राष्ट्रिय पुस्तक दिवसको अवसरमा मनहरी गाउँपालिका-४ स्थित चिसापानीमा रहेको चेपाङ प्राविका १ सय ५४ जना विद्यार्थीलाई स्टेशनरी तथा खेलकुद सामग्री वितरण गरिएको हो ।

महासंघ जिल्ला अध्यक्ष विज्ञान रिमालका अनुसार शिशु कक्षादेखि ५ कक्षासम्म अध्ययनरत् विद्यार्थीलाई करिब १ लाख २५ हजार रुपैयाँ बराबरको शैक्षिक र खेलकुद सामग्री प्रदान गरिएका हो । महासंघ केन्द्रीय सहकोषाध्यक्ष किरणबाबु न्यौपाने तथा केन्द्रीय सदस्य वासु न्यौपानेले विद्यालयका प्रधानाध्यापक राजेन्द्र न्यौपाने तथा विद्यार्थीहरुलाई उक्त सामग्री हस्तान्तरण गरको थिए ।

कार्यक्रममा महासंघ पूर्वअध्यक्ष प्रेमलाल श्रेष्ठ, उपाध्यक्ष पुष्कल न्यौपाने, सहसचिव अर्चना काकी, सदस्य जमुनाकुमारी रुपाखेती, प्रस्ताद हुमागाई, विद्यालयका शिक्षक, अभिभावक तथा विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

## मुख्यमन्त्रीको निर्देशन: सभाहल छिटो बनाउनू

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले प्रदेशसभाको सभाहल सक्दो छिटो निर्माण गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका छन् ।

पाण्डेले आइतबार हिउँसो प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अशोककुमार शाह, मन्त्रालय मातहतको शहरी विकास तथा भवन कार्यालय हेटौंडाका इन्जिनियर, निर्माण कम्पनीका प्रतिनिधि र सरोकारवाला निकायका प्रतिनिधि सहित फिल्डमा पुगेर निर्माण कार्यको अनुगमन गरेका थिए ।

मुख्यमन्त्री पाण्डेले ठेक्का सम्झौता भए अनुसार काम नभए कारवाहीको दायरामा ल्याइने बताए । 'निर्माण कम्पनीलाई समय सिमाभित्रै निर्माण कार्य सम्पन्न गर्न अनुरोध गर्दछु । समयमा काम सम्पन्न नभए तपाइहरुलाई रातोपत्र काट्नेछु । तपाईंले बुझ्नु भएकै होला रातोपत्र के हो भनेर ?', उनले भने । मुख्यमन्त्री पाण्डेले सो भवनको ठेक्का सम्झौता गर्दा नै त्रुटि भएको भन्दै अब त्यस्तो गल्ती गर्ने छुट कसैलाई नरहेको बताए ।

ठूलाठूला भवन निर्माणको कामसमेत एक/डेढ वर्षमा सम्पन्न हुने गरेकोमा यो ट्रस्टको भवनलाई १८ महिनाको म्याद दिनु नै गलत रहेको बताए । आगामी दिनमा त्यसलाई सुधार गर्दै भौतिक पूर्वाधार निर्माणको काम गर्दा क्वालेण्डर निर्माण गरेर गर्नुपर्ने र तत्काल भौतिक पूर्वाधार निर्माणको क्वालेण्डर बनाउन पनि उनले कर्मचारीहरुलाई निर्देशन दिए ।

बिगत लामो समयदेखि अलपत्र अवस्थामा छोडिएको उक्त सभाहल निर्माणको कार्यलाई पूर्णता दिनको लागि आफ् अनुगमनमा पुगेको मुख्यमन्त्री पाण्डेले बताए । उनले भने 'यो भवनको मारेमा सबै जनताले जानकारी पाउनुपर्छ । यो भवन निर्माणमा सबै जनताको लगानी रहेको छ । धेरै समयदेखि यो भवन अलपत्र अवस्थामा देखेको छु ।

यसबारे भैले प्रदेशसभाका सचिवमार्फत् जानकारी लिएर भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिवलाई यसको काम समयमा सक्न निर्देशन दिइसकेको छु । हामी सबैको लगानी परिसकेको छ । त्यसैले यसलाई चाँडै सम्पन्न गरौं । निर्माण कम्पनीले पनि काम सकेपछि मात्र भुक्तानी पाउने भएकाले त्यसतर्फ केन्द्रीत हुनुपर्छ ।'

प्रदेश सरकारले हाल बैठक बस्दै आएको भवनलाई प्रशासनिक काममा प्रयोग गर्ने र संसद बैठक बस्नको लागि सो ट्रस्टको भवन निर्माण गर्ने योजना अनुसार २०७७ मा प्रदेशसभा हलको निर्माण थालिएको हो । २ सय ५० जना अट्ने सो सभाहल इपिएस स्याण्डबीच पृथिबिबाट प्यानल बोर्डको ट्रस्टको निर्माण गर्ने गरी भौतिक पूर्वाधार विकास तथा भवन कार्यलय हेटौंडाले २०७७ कात्तिकमा ७ करोड ४१ लाख लागत अनुमानसहित ठेक्का आह्वान गरेको थियो ।

कार्यालयले घटाघट विधि अनुसार ४ करोड ९४ लाख रुपैयाँमा निर्माण कार्य गर्न अघ्रखिँची सगुन पारामाउण्ट बेभीलाई १८ महिनाको म्याद दिएर ठेक्का सम्झौता गरेको थियो । उक्त भवनको निर्माण कार्य आगामी २०७९ बैशाख २१ गते भित्र सम्पन्न गर्नुपर्ने हुन्छ । तर, ठेक्का सम्झौता भएको समयदेखि हालसम्म करिब १५ महिनाको अवधिमा सो सभाहलको २५ प्रतिशत मात्रै काम भएको छ ।

प्रदेशसभा स्थापनाको ४ वर्ष पूरा भइसक्दा समेत प्रदेशसभा सचिवालयको आफ्नै भवन छैन । तत्कालिन समयमा क्षेत्रिय शिक्षा निर्देशनालय रहेको भवनबाट प्रदेशसभा सचिवालयका काम कारवाहिहरु संचालन भइरहेका छ ।

**डबल ब्ल्याक खाजा**
स्वादिष्ट परिकारहरू:
☞बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
☞चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
☞बफ सुकुटी र छोयला
☞हल्का पेय पदार्थ
☞भेज चाउमिन
ओपाज
कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।
डबल ब्ल्याक खाजा
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय मकवानपुर
वागमती प्रदेश, हेटौंडा
**कोभिड १९ को संक्रमणबाट बचौ र बचाऔं**
कोभिड १९ विरुद्ध खोप लगाई सकेका व्यक्तिहरुलाई गम्भीर बिरामी हुने जोखिम कम भएपनि संक्रमण हुने जोखिम रहिरहन्छ । लक्षण नदेखिएका व्यक्तिहरुले पनि अर्को व्यक्तिलाई संक्रमित बनाउन सक्ने भएकोले थाहै नपाई तपाईले आफ्ना प्रियजनहरु माझ संक्रमण फैलाईर हुन् भएको पनि हुनसक्छ । त्यसैले जहिले पनि नाक, मुख र चिउडो छोपिने गरि मास्क लगाई जीम्मेवार नागरिकको दायित्व पुरा गरौं ।
याद गरौं:
"कोभिड १९ विरुद्ध पूर्ण खोप लगाऔं आफू र आफ्नो परिवारलाई कोभिड १९ रोग लाग्नबाट बचाऔं"
"जनस्वास्थ्यको मापदण्डको कडा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बची बचाऔं"

नेपाल कोरोना संक्रमणमुक्त भइसकेको छैन । त्यसकारण कोरोनाबाट बच्न अनिवार्य मास्क र स्यानिटाइजरको प्रयोग गरौं ।

**हार्दिक बधाई**
मकवानपुर क्योकुशिन कराते संघ (बालकुमारी IKU japan)का प्रमुख प्रशिक्षक **श्री बिष्णु श्रेष्ठ** ज्यू नेपाल बालकुमारी क्योकुशिन कराते संघको केन्द्रीय समितिको उपाध्यक्षमा र **श्री सुदर्शन खतिवडा** ज्यू, जदरुजमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँहरुको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।
सुमन कर्मचार्य (सहायक प्रशिक्षक) ध्वज बुद्धिनाथ न्यौपाने (अध्यक्ष)
**मकवानपुर क्योकुशिन कराते संघ, परिवार**

**हार्दिक बधाई**
मकवानपुर क्योकुशिन कराते संघका प्रमुख प्रशिक्षक तथा आत्मीय मित्र **श्री बिष्णु श्रेष्ठ** ज्यू नेपाल बालकुमारी क्योकुशिन कराते संघको केन्द्रीय समितिको उपाध्यक्षमा र **श्री सुदर्शन खतिवडा** ज्यू जदरुजमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँहरुको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।
कमल रेग्मी (संचालक) ध्वज
**चुरियामाई मेटल उद्योग**, हेटौंडा-९
**हेटौंडा म्याक्स टि.भी परिवार**



साझाकुरा
www.sajhakuranews.com
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
*Phone: 057-520315*
**VACANCY ANNOUNCEMENT**
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | Lab Technician/ assistant | 2 | Negotiable | PCL/TSLC |
| 3 | CMA/ANM | Few | Negotiable | TSLC |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**खुल्यो ! खुल्यो**
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा राष्ट्रिय दैनिकका लागि सरिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना